नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

*(राष्ट्रिय बीउ बिजन समितिको ५५ औं बैठकको निर्णय नं ५.२ सँग सम्बन्धित)*

## बीउ बिजनको जफत तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२

*स्वीकृत मिति : २०८२/११/२८*

**प्रस्तावना:** बीउ बिजन ऐन, २०४५ र बीउ बिजन नियमावली, २०८१ को वर्खिलाप हुने गरी जातीय परीक्षण, गुणस्तर परीक्षण, आयात, निर्यात, उत्पादन, प्रशोधन, ओसारपसार, भण्डारण र बिक्री वितरण गरिएका बीउ बिजनलाई बीउ बिजन नियमावली, २०८१ को नियम २३ को उपनियम (१), (२), (३) र (४) बमोजिम जफत गरिने बीउ बिजनको व्यवस्थापनका लागि बीउ बिजन नियमावली, २०८१ को नियम २३ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो मापदण्ड स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो मापदण्डको नाम **"बीउ बिजनको जफत तथा व्यवस्थापन मापदण्ड, २०८२"** रहेको छ ।

(२) यो मापदण्ड राष्ट्रिय बीउ बिजन समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिमको राष्ट्रिय बीउ बिजन समिति सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनुपर्छ ।

(ग) "नियमावली" भन्नाले बीउ बिजन नियमावली, २०८१ सम्झनुपर्छ ।

(घ) "बीउ बिजन निरीक्षक" भन्नाले ऐनको दफा १६ को उपदफा १६.१ बमोजिम नियुक्त भएका नियमावलीको नियम २८ को उपनियम (१) बमोजिमको बीउ बिजन निरीक्षक सम्झनुपर्छ।

(ङ) "बीउ बिजन विश्लेषक" भन्नाले ऐनको दफा १६ को उपदफा १६.१ तथा नियमावलीको नियम २९ को उपनियम (१) बमोजिमको बीउ बिजन विश्लेषक सम्झनुपर्छ ।

(च) "कार्यालय" भन्नाले जिल्लास्थित कृषि विषय हेर्ने निकाय सम्झनुपर्छ ।

### परिच्छेद २
### जफत सम्बन्धी प्रक्रिया

३. **बीउ बिजनको जफत हुने:** **(१)** कसैले ऐन तथा नियमावलीको वर्खिलाप हुने गरी बीउ बिजनको जातीय परीक्षण, गुणस्तर परीक्षण, आयात, निर्यात, उत्पादन, प्रशोधन, ओसारपसार, भण्डारण र बिक्री वितरण गरेमा त्यस्ता बीउ बिजनहरु बीउ बिजन निरीक्षकले जफत गर्न सक्नेछ ।

**(२)** उपदफा (१) बमोजिम जफत गर्दा बीउ बिजन निरीक्षकले नियमावलीको नियम २३ को उपनियम (१), (२), (३) र (४) मा उल्लिखित प्रक्रिया पूरा गर्नुपर्नेछ ।

वेनु प्रसाद प्रसाई
सदस्य सचिव
... बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
... बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

४. **जफत गरिएको बीउ बिजन सुरक्षित राख्नु पर्ने:** (१) दफा ३ बमोजिम जफत गरिएको बीउ बिजन सम्बन्धित कार्यालयले अनुसूची -१ बमोजिमको मुचुल्का गरी सुरक्षित तवरले भण्डारण गरी राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको बीउ बिजन सम्बन्धित कार्यालय सम्म ढुवानी गरी भण्डारण गर्दा तथा जफत गरिएको बीउ बिजनको व्यवस्थापनका दौरान लाग्ने सबै खर्च सम्बन्धित व्यक्ति वा संस्थाले व्यहोर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जफत गरिएको बीउ बिजन ढुवानी तथा भण्डारणका क्रममा सम्बन्धित व्यक्ति वा संस्था उपस्थित हुन नसक्ने अवस्था भएमा वा जफत गरिएको बीउ बिजनको व्यवस्थापन सम्बन्धी कार्य तत्काल गर्नुपर्ने भएमा सम्बन्धित कार्यालयले ढुवानी तथा भण्डारण सम्बन्धी कार्य गर्नुपर्नेछ ।

## परिच्छेद -३
## लिलाम बिक्री सम्बन्धी व्यवस्था

५. **लिलाम बिक्री गर्न सकिने:** **(१)** बीउ बिजन निरीक्षकलाई यस मापदण्ड बमोजिम जफत गरिएको बीउ बिजन पुन: प्रयोग गर्न सकिने वा खायनको लागि बिक्री वितरण गर्न सकिने लागेमा कार्यालय प्रमुख समक्ष लिखित सुझाव उपलब्ध गराउनेछ ।

(२)बीउ बिजन निरीक्षकबाट जफत गरिएको बीउ बिजन पुन प्रयोग गर्न सकिने वा खायनको लागि बिक्री वितरण गर्न सकिने राय सुझाव प्राप्त भएमा कार्यालयले देहाय बमोजिमको मूल्याङ्कन समितिबाट उक्त बीउ बिजनको मूल्याङ्कन गराउनुपर्नेछ ।

(क) प्रमुख, कार्यालय - संयोजक
(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य
(ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य
(घ) कृषि अधिकृत, कार्यालय - सदस्य
(ङ) बीउ बिजन निरीक्षक - सदस्य

(३) जफत गरिएको बीउ बिजनको पुन: प्रयोग गर्न बीउ बिजन प्रयोगशालामा परीक्षण गर्नुपर्ने देखिएमा बीउ बिजन निरीक्षकले उक्त बीउ बिजनको नमूना लिई बीउ बिजन विश्लेषक मार्फत् बीउ बिजन ऐनको दफा ९ बमोजिम संघ, प्रदेश वा स्थानीय तहबाट स्थापना भएका बीउ बिजन प्रयोगशालाबाट परीक्षण गराउनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको मूल्याङ्कन समितिबाट भएको मूल्याङ्कनको आधारमा सम्बन्धित कार्यालय प्रमुख बाट उक्त रकम स्वीकृत गराई कार्यालयले लिलाम बढाबढ सम्बन्धी प्रक्रिया सुरु गर्नेछ ।

(५) कार्यालयले उपदफा (४) बमोजिमको लिलाम कार्य देहाय बमोजिम गर्नेछ:

प्रसाद प्रसाई
सचिव
समिति
सचिव
राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(क) कार्यालयले जफत गरिएको बीउ बिजनको लिलाम गर्दा तीन लाख रुपैंया सम्म मूल्य कायम भएको अवस्थामा सात दिनको म्याद दिई कार्यालय, जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा सूचना टाँस गरेर, तीन लाख रुपैंया देखि दश लाख सम्म मूल्य कायम भएमा स्थानीय स्तरको पत्रिकामा पन्ध्र दिनको सूचना प्रकाशन गरेर तथा दश लाख भन्दा बढी मूल्य कायम भएमा राष्ट्रिय स्तरको पत्रिकामा एक्काइस दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

(ख) खण्ड (क) बमोजिम टाँस वा प्रकाशन गरिने सूचनालाई लिलाम विक्री गर्ने कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको सूचना प्रकाशन भए पश्चात् लिलाम सकार गर्न चाहने व्यक्ति वा संस्थाले लिलाम सकार गर्न डाँक बोल्नु अघि न्यूनतम कायम मूल्य को ५% ले हुने रकम नगद धरौटी बुझी नाम दर्ता गर्नुपर्नेछ ।

(घ) खण्ड (क) बमोजिमको सूचना प्रकाशन गर्दा कार्यालयले अनिवार्य रुपमा देहायका विवरण सूचनामा उल्लेख गर्नुपर्नेछ ।

(अ) बीउ बिजनको विवरण (परिमाण, जात, बीउ बिजनको रुपमा प्रयोग हुने भए लिलाम सकार्नेले बिक्री गर्नुपर्ने सिफारिस क्षेत्र आदि),

(आ) लिलाम बढाबढ हुने मिति, समय र स्थान,

(इ) लिलाम बढाबढ सुरु हुने न्यूनतम् मूल्य,

(ई) लिलाम बढावढ हुने बीउ बिजन निरीक्षण गर्न चाहानेले निरीक्षण गर्ने स्थान, समय तथा सम्पर्क व्यक्ति

(उ) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै मूल्याङ्कनबाट कायम मूल्यको पाँच प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा र डाँक अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने कुरा,

(ऊ) लिलाम सकार गरेको बीउ बिजन उठाई लैजानु पर्ने अवधि,

(ऋ) अन्य आवश्यक कुराहरु ।

(ङ) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बोलपत्रबाट लिलाम बिक्री गर्न मनासिव देखिएमा जफत गरिएको बीउ बिजन हेर्न सक्ने व्यवस्था मिलाई खण्ड (क) बमोजिमको म्याद दिई बोलपत्र आह्वान गर्न सकिनेछ । यसरी बोल पत्र आह्वान गरिएकोमा बोलपत्र अङ्कको १० प्रतिशतले हुने रकम बराबरको बैङ्क जमानत वा धरौटी खातामा रकम जम्मा गरेको भौचर बोलपत्रसाथ राख्नु पर्नेछ । बोलपत्र माग गर्दा बोलपत्र खरिद तथा दाखिला सम्बन्धी कार्य सम्बन्धित कार्यालय र आवश्यक देखिएमा जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयमा समेत गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
...बीउ बिजन समिति

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
...ष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(च) खण्ड (क) बमोजिम टाँस वा प्रकाशित भएको सूचना बमोजिम लिलाम सकार गर्न चाहने व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहाय बमोजिमको रकम तिरी सम्बन्धित कार्यालयबाट सो कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फाराम किन्नु पर्नेछ,-

(क) दश लाख रूपैयाँसम्म न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि एक हजार रूपैयाँ,

(ख) दश लाख भन्दा माथि जतिसुकै रकम न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि दुई हजार रूपैयाँ।

(छ) यस दफा बमोजिम लिलाम बढाबढ गर्दा देहायको प्रक्रिया अपनाउनुपर्नेछ

(अ) लिलाम बढाबढ गर्दा सबैभन्दा बढी रकम कबोल गर्ने बोलवालालाई स्वीकार गर्न पर्नेछ।

(आ) यस नियम बमोजिम पहिलो पटक लिलाम बिक्री हुन नसकेमा कायम भएको न्यूनतम मूल्यमा वार्ताद्धारा सोझै बिक्री गर्न सकिनेछ ।

(इ) उपखण्ड (आ) बमोजिम समेत बिक्री हुन नसकेमा दफा ५ को उपदफा (२) बमोजिमको समितिबाट पुन: मूल्याङ्कन गरी उपदफा (५) को खण्ड (क) बमोजिमको म्यादको आधा म्याद दिई पुन: लिलाम बिक्रीको कारबाही गर्नुपर्नेछ ।

(ई) उपखण्ड (इ) बमोजिमको प्रक्रियाबाट समेत बिक्री हुन नसकेमा कार्यालय प्रमुखले कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि र जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधिको रोहबरमा वार्ताद्धारा लिलाम कबोल रकम कायम गरी सोझै बिक्री गर्नुपर्नेछ।

(उ) उपखण्ड (ई) बमोजिम लिलाम बिक्री गर्दा कार्यालयले सात दिनको सूचना दिई सिलबन्दी प्रस्ताव माग गरी गर्नुपर्नेछ ।

(ऊ) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि लिलाम बिक्री वा वार्ताद्धारा सोझै बिक्री हुन नसकेमा त्यसरी बिक्री हुन नसकेको बीउ बिजनलाई कार्यालय प्रमुखलाई कुनै निकाय वा संस्थालाई हस्तान्तरण गर्न उपयुक्त लागेमा र बीउ बिजन प्राप्त गर्ने निकाय वा संस्थाले बीउ लिन स्वीकार गरेमा कार्यालयले सरकारी फार्म केन्द्र, सरकारी स्वामित्वको कृषि सँग सम्बन्धित संस्था वा कृषि सँग सम्बन्धित अन्य निकायलाई हस्तान्तरण गर्न सक्नेछ ।

(ऋ) यस मापदण्ड बमोजिम लिलाम सकार गर्ने पक्षले कार्यालयले तोकेको अवधिभित्र लिलाम सकार गर्दा कबोल गरेको पूरा रकम नबुझाएमा वा त्यस्तो रकम बुझाई तोकिएको समयमा बीउ बिजन नउठाएमा निजले राखेको धरौटी रकम जफत गरी जफत रकम बराबरसम्म घटी कबोल भएको क्रमश: दोश्रो, तेश्रो वा चौथो घटीवालाको कबोल अङ्क स्वीकृत गर्न सकिनेछ ।

...नु प्रसाद प्रसाई
सदस्य सचिव
... बिजन समिति

सचिव

राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
... बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

## परिच्छेद ४
## बीउ बिजन नष्ट गर्ने सम्बन्धी व्यवस्था

६. **बीउ बिजन नष्ट गर्नुपर्ने: (१)** बीउ बिजन निरीक्षकलाई यस मापदण्ड बमोजिम जफत गरिएको बीउ बिजन पुन: प्रयोग गर्न नसकिने वा खायनको लागि बिक्री वितरण गर्न नसकिने लागेमा कार्यालय प्रमुख समक्ष लिखित सुझाव उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिम सुझाव प्राप्त भएपश्चात कार्यालयले दफा ५ को उपदफा (२) बमोजिमको मूल्याङ्कन समितिबाट उक्त बीउ बिजनको नष्ट गर्ने निर्णय गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम बीउ बिजनको नष्ट गर्दा वातावरणमा पर्न सक्ने असरलाई ध्यानमा राख्नु पर्ने, बीउ बिजन नष्ट गरिने स्थान सुरक्षित र स्वस्थकर हुनु पर्ने तथा बीउ बिजन नष्ट गर्न आवश्यक क्षेत्रफलको सुनिश्चितता हुनु पर्नेछ ।

(४) जफत गरिएको बीउ बिजनलाई देहाय बमोजिम नष्ट गर्नुपर्नेछ ।

(क) नष्ट गर्नुपर्ने बीउ बिजन सम्भव भए सम्म ५ मे. टन सम्मको लागि ४ मी. x ३ मी. x २ मी. को र ५ देखि १० मे. टनसम्मको लागि ४ मी. x ३ मी. x ३ मी. को खाडल खनी गाड्नुपर्नेछ भने १० मे. टनभन्दा बढी परिमाणको बीउ बिजनलाई एक खाडलमा नगाडि आवश्यकता अनुसारका खाडलहरु खनी गाड्नुपर्नेछ । तरकारी तथा अन्य कम आयतन र कम परिमाण भएका बीउलाई आवश्यकता अनुसारको खाडल खनी गाड्न सकिनेछ ।

(ख) बीउ बिजन खाल्डोमा राख्दा बीउ प्याकिङ्ग गरिएका सामग्रीहरूबाट अलग गरी बीउ बिजनमा ५० प्रतिशत माटो मिसाई ५ के.जी. युरिया मल र ५ के.जी. चुन प्रति मे. टन बीउका दरले खाल्डोमा खन्याउनु पर्नेछ र प्रत्येक १ फिट गहिराई पुगेपछि बीउ बिजनलाई पानीले राम्रोसँग भिजाउँदै बीउ बिजन थप्दै जानु पर्नेछ ।

(ग) बीउ बिजन खाडलमा राखी सकेपछि उक्त खाल्डोलाई माटोले कम्तिमा २ फिटसम्म पुर्नु पर्नेछ।

(घ) बीउ बिजन खन्याएर बाँकी रहेका बीउ बिजन प्याकेजिङ्ग सामग्रीहरू जस्तै: बोरा, प्लाष्टिक, थैला, आदिलाई जलाउनु पर्नेछ र खरानी बटुली सोही खाल्डोमा पुरी दिनु पर्नेछ । नजल्ने खालका टिन, क्यान, आदिलाई सोही खाल्डोमा गाड्नु पर्नेछ ।

(ङ) बीउ बिजन गाड्नु अघि बीउ गाड्ने खाल्डोको नाप-नक्सा अनुसूची - २ मा उल्लिखित मुचुल्कामा खुलाउनु पर्नेछ । बीउ बिजन गाडी सकेपछि बीउ बिजन प्याकेजिङ्ग सामग्रीहरू नष्ट गरेको मुचुल्का अनुसूची-३ बमोजिम उठाउनु पर्नेछ ।

७. **कार्यान्वयन हुने:** यस मापदण्डमा लेखिएको कुरा यसै बमोजिम र यस मापदण्डमा उल्लेख नभएका अन्य विषय लिलाम बिक्री तथा नष्ट सम्बन्धी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

८. **मापदण्डमा संशोधन:** समितिले आवश्यकता अनुसार मापदण्डमा संशोधन गर्न सक्नेछ ।

...नु प्रसाद प्रसाई
सदस्य सचिव
... बिजन समिति

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
...िय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण
हरिहरभवन, ललितपुर

## अनुसूची -१
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### जफत गरिएको बीउ बिजन भण्डार सिलबन्दी गरेको मुचुल्का

बीउ बिजन नियमावली, २०८१ को नियम २३ बमोजिम बीउ बिजन बीउ बिजन निरीक्षक श्री......... ले जफत गरेको श्री.............................................................को तपसिल अनुसारको बीउ बिजन राखेको भण्डार/...........................कार्यालयको भण्डार लाई बीउ बिजन बीउ बिजन निरीक्षक र निम्नानुसारका २ जना साक्षीको उपस्थितिमा सिलबन्दी गरी मुचुल्का गरिएको छ।

तपसिल

| क स | बाली | जात | बीउ बिजनको स्तर | लट नं वा संकेत | परिमाण के जी | जफत मिति | भण्डार सिलबन्दी गरिएको स्थान र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

रोहबर

श्री..................पद................कार्यालय...........दस्तखत..............
श्री..................पद................कार्यालय...........दस्तखत..............
श्री ........., पदः बीउ बिजन बीउ बिजन निरीक्षक, कार्यालय........दस्तखत......................

बीउ बिजन बुझिलिने
श्री..................पद................कार्यालय...........दस्तखत..............

मितिः.................................................

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची -२

(दफा ६ को उपदफा (४) को खण्ड (ङ) सँग सम्बन्धित)

## जफत गरिएको बीउ बिजन नष्ट गरेको मुचुल्का

बीउ बिजन नियमावली, २०८१ को नियम २३ बमोजिम बीउ बिजन निरीक्षक श्री......... ले जफत गरी.............................................कार्यालयको जिम्मामा रहेको तपसिलको विवरण अनुसारको बीउ बिजन नष्ट गरी यो मुचुल्का गरिएको छ।

तपसिल

| क स | बाली | जात | बीउ बिजनको स्तर | लट नं वा संकेत | परिमाण के जी | जफत मिति | नष्ट गरेको स्थान र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

खाडलको नाप:

नक्सा:

रोहबर

श्री.................पद...............कार्यालय...........दस्तखत..............

श्री.................पद...............कार्यालय...........दस्तखत..............

श्री.................पद...............कार्यालय...........दस्तखत..............

श्री ........, पद: बीउ बिजन निरीक्षक, कार्यालय........दस्तखत......................

मिति:.............................................

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

अनुसुची -३

(दफा ६ को उपदफा (४) को खण्ड (ङ) सँग सम्बन्धित)

## बीउ बिजन गाडी सकेपछि बीउ बिजन प्याकेजिङ्ग सामाग्रीहरू नष्ट गरेको मुचुल्का

बीउ बिजन नियमावली, २०८१ को नियम २३ बमोजिम बीउ बिजन निरीक्षक श्री......... ले जफत गरी.............................................कार्यालयको जिम्मामा रहेको बीउ बिजन गाडी सकेपछि देहाय बमोजिका बीउ बिजनका प्याकेजीङ्ग सामग्रीहरु नष्ट गरी यो मुचुल्का गरिएको छ।

तपसिल

| क स | प्याकेजीङ्ग सामग्री | संख्या | नष्ट गरेको स्थान र मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

रोहबर

श्री..................पद................कार्यालय............दस्तखत...............

श्री..................पद................कार्यालय............दस्तखत...............

श्री..................पद................कार्यालय............दस्तखत...............

श्री ........., पद: बीउ बिजन निरीक्षक, कार्यालय........दस्तखत......................

मिति:.................................................

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति